# इओन सप्लायर कारोबार आचार संहिता

## १. कानुन तथा नियम

व्यापारिक गतिविधि गरिने देश वा क्षेत्रको सम्पूर्ण प्रचलित कानुन, ऐन तथा नियमहरूको पालना गर्ने। साथै हाम्रो कम्पनीको सप्लायर वा कामको जिम्मा दिइने कम्पनीहरू (कन्ट्रक्टर र सबकन्ट्रक्टर) लाई पनि ती कानुन आदि तथा इओन सप्लायर कारोबार आचार संहिताको पालना गर्न माग गर्ने।

## २. बाल श्रम

१५ वर्षको उमेर अथवा सम्बन्धित देशको कानुन बमोजिम श्रमिकको रूपमा प्रयोग गर्न सकिने उमेर मध्येको उच्च उमेर पूरा नभएका बालबालिकालाई श्रमिकको रूपमा प्रयोग नगर्ने अथवा प्रयोग गर्न सहयोग नगर्ने। कानुन बमोजिम श्रमिकको रूपमा प्रयोग गर्न सकिने अथवा काम गर्न योग्य उमेर अथवा सो भन्दा बढी तर १८ वर्ष पूरा भइनसकेका अनिवार्य शिक्षा ऐनको दायरामा पर्ने बालबालिका भएको खण्डमा, पढाइलाई प्रथमिकता दिने र शारीरिक तथा मानसिक स्वास्थ्य र सोको विकासमा हानि वा खतरा हुने अवस्थामा पर्न नदिने।

## ३. इच्छा विपरीतको श्रम

काम दिने प्रक्रिया वा काम गरिरहेको अवधिमा, श्रमिकलाई हातपात गर्ने, धम्क्याउने, थुनेर राख्ने लगायतका मानसिक, शारीरिक तथा अवैध रूपमा श्रमिकको स्वतन्त्रतालाई सीमित गरी, श्रमिकको इच्छा विपरीत जबरजस्ती काममा राख्न वा काम गर्न लगाउन नगर्ने अथवा त्यस्तो कार्यमा सहयोग नगर्ने।

## ४. काम गर्ने समय

काम गर्ने समय, आराम गर्ने समय तथा बिदा सम्बन्धी कानुन तथा उद्योगको मापदण्डको पालना गर्ने। अतिरिक्त समयको काम (ओभरटाइम) श्रमिक स्वयंको इच्छा अनुसार हुनुपर्ने। साथै यो कुनै निर्धारित समयको अन्तरालमा नियमित रूपमा माग गरिने कुरा हुन नहुने। कानुनद्वारा तोकिएको निर्धारित काम गर्ने समय नाघेको श्रमको लागि तोकिएको अतिरिक्त समयको भत्ता भुक्तानी गर्नुपर्ने।

## ५. पारिश्रमिक तथा कर्मचारी सुविधाहरू

देशको पारिश्रमिक तथा कर्मचारी सुविधा सम्बन्धी कानुनको पालना गर्ने। सम्बन्धित कानुन बमोजिम पारिश्रमिक तथा भत्ता भुक्तानी तथा कटौती गरी, रेकर्ड राख्ने। कर्मचारीको आधारभूत आवश्यकता पूरा हुने भन्दा बढी पारिश्रमिक दिनुपर्ने। भुक्तानी गरेको विवरणमा अतिरिक्त समयमा काम गरेको भत्ता समावेश गरी, कर्मचारीले बुझ्न सक्ने तरिकामा बुझाइएको हुनुपर्ने।

## ६. क्रूरता तथा दुर्व्यवहार

कर्मचारीलाई शारीरिक दण्ड, मानसिक तथा शारीरिक जबरजस्तीकरण र शब्दको दुरुपयोग नगर्ने, त्यस्तो कार्यमा संलग्न नहुने अथवा त्यस्तो कार्यमा सहयोग नगर्ने। व्यापारिक गतिविधिको कुनै पनि अवस्थामा, शारीरिक इसारा तथा हाउभाउ, बोली, अरूको शरीरमा छुने जस्ता कार्यबाट हुने कुनै प्रकारको दुर्व्यवहार पनि सहनीय हुनेछैन।

## ७. भेदभाव

वर्ण, राष्ट्रियता, जाति, लिङ्ग, जन्मस्थल, धर्म, शैक्षिक योग्यता, मानसिक तथा शारीरिक अपाङ्गता, यौन अभिमुखीकरण एवम् लैङ्गिक पहिचान आदिको कारण काम दिने, पारिश्रमिक, बढुवा, तालिम, राजीनामा, अवकाश जस्ता रोजगारसँग सम्बन्धित गतिविधिमा भेदभाव नगर्ने अथवा त्यस्तो भेदभावमा सहयोग नगर्ने। रोजगार सम्बन्धी सम्पूर्ण निर्णयहरू, काम गर्नको लागि आवश्यक क्षमता छ वा छैन भन्ने कुरालाई आधार मानी गर्ने।

## ८. संयुक्तताको स्वतन्त्रता तथा सामूहिक सौदाबाजी अधिकार

कर्मचारीले आफ्नो चाहना अनुरूपको ट्रेड युनियनको दर्ता गर्ने, सहभागी हुने र सञ्चालन गर्ने तथा कर्मचारीहरूको प्रतिनिधिको रूपमा कम्पनीसँग सामूहिक सौदाबाजी गर्ने अधिकारलाई आदर गर्ने। कानुनद्वारा संयुक्तताको स्वतन्त्रता एवम् सामूहिक सौदाबाजी आधिकारलाई सीमित गरिएको खण्डमा, वैकल्पिक उपायको रूपमा, व्यवस्थापन तह र कर्मचारीहरूको प्रतिनिधिलाई चिन्ता लागेको कुरा भन्न सकिने, उजुरी समाधान प्रणालीको व्यवस्था गरी, इमानदारीताका साथ आवश्यक कार्य गर्ने।

## ९. स्वास्थ्य तथा सुरक्षा

प्रचलनमा रहेको सम्बन्धित कानुन तथा नियमहरू अनुरूप, कर्मचारीलाई प्रदान गर्ने कार्यस्थलको वातावरण सुरक्षित तथा स्वास्थ्यकर बनाउनुको साथसाथै भविष्यमा हुन सक्ने स्वास्थ्य तथा सुरक्षा सम्बन्धी दुर्घटना वा चोटपटक तथा मानसिक रोग लगायतका अन्य रोगहरूको रोकथामको लागि उचित उपायहरू अपनाउने। कर्मचारीलाई बसोबासको लागि प्रदान गरिएको ठाउँ र क्यान्टिनमा पनि त्यही स्वास्थ्य वा सरसफाइ तथा सुरक्षाको मापदण्ड लागु गर्ने।

## १०. वातावरण

निर्माण कार्य गरिने देश तथा क्षेत्रको वातावरण सम्बन्धी सम्पूर्ण कानुन आदिको पालना गर्ने मात्र नभइकन, वातावरण संरक्षणमा यथासाध्य ध्यान दिने। प्रयोग गर्ने सामाग्री तथा पार्टपुर्जाहरू, तिनीहरूको संरक्षण गरिने देश तथा क्षेत्रको कानुन तथा नियमहरू, अन्तर्राष्ट्रिय नियमहरू तथा महासन्धी अनुरूप भए नभएको निश्चय गरी, इओनले तोकेको वातावरण सम्बन्धी नीतिहरू अनुसार हुनुपर्ने।

## ११. व्यापारिक कारोबार

बिक्रीको लागि तयार सामानहरू तथा तिनीहरूको सामाग्री उत्पादन गर्ने देश र निर्यात गर्ने देश तथा क्षेत्रको व्यापारिक कारोबार सम्बन्धी कानुनको पालना गर्ने।

## १२. इमानदारी तथा पारदर्शिता

कुनै पनि व्यापारिक गतिविधि गर्दा घुस लिने वा दिने, नक्कली रेकर्ड, भौतिक प्रमाण र बयान बनाउने, गलत प्रयोजनको लागि रेकर्ड, भौतिक प्रमाण र बयान सच्याउने वा लुकाउने जस्ता नैतिकता विपरीतका कार्यहरू कदापि नगर्ने। प्रचलनमा रहेको सम्बन्धित नियमहरू र प्रचलित व्यापारिक अभ्यासहरू अनुसार, सही तरिकामा व्यापारिक गतिविधि सम्बन्धी जानकारी खुलाउने।

## १३. संलग्नता

इओनको सप्लायर कारोबार आचार संहिताको माग विवरण, आफ्नो कम्पनी तथा आफ्नो संगठनको व्यवस्थापन प्रणालीमा समावेश गरी, सप्लाइ-चेनको प्रत्येक भागमा देखिने सामाजिक समस्याहरूको समाधानको लागि संगठनको सबैजना लागिपर्ने।